आज मिति २०८०।०१।२९ गतेका दिन विहान ९:३० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १६ औं बैठक बसी तपशीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**तपशील**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लव बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | शेर बहादुर बुढा | सचिव | |
| **अन्य उपस्थितिः** | | | |
| १ | माधव कुमार जैटी | अधिकृत छैठौं | |
| २. | प्रयागराज खनाल | सचिवालय प्रमुख | |

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १ अपाङ्गता ग्रामका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाल सरकार महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय मार्फत कार्यान्वयन हुने गरि निर्माण गरिने अपाङ्गता ग्रामका लागि जग्गा उपलब्ध गराउन लेखि आए बमोजिम लम्कीचुहा नगरपालिका वडा नं. ४ स्थि सरस्वती मा.वि. कौवापुर को भोगचलनमा रहेको करिब ३ बिगाहा जग्गा उपलब्ध गराउने विद्यालय व्यवस्थापन समितिको मिति २०८०।०१।०५ को निर्णय अनुसार उक्त जग्गा उपलब्ध गराई योजनाको कार्यान्वयनका लागि सिफारिस गरि पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. २ शव बाहनका लागि माग गर्ने सम्बन्धमा।**

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयकाद्वारा संचालित लम्कीचुहा अस्पतालका लागि १ थान शव वाहन आवश्यक भएकाले १ थान शव वाहनको सहयोगका लागि नेपाल स्थित भारतीय राजदुतावास, काठमाडौँसंग कुल लागत अनुमानको २० प्रतिशत यस नगरपालिकाद्वारा साझेदारी गर्ने प्रतिबद्दता सहित माग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा।**

निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालय अर्न्तगत रहेको वातावरण तथा विपद व्यवस्थापन इकाई र राष्ट्रिय भूमि आयोग अर्न्तगत रहेको स्थानीय सेवा केन्द्रमा १/१ जना कार्यालय सहयोगी र लगत प्रविष्टकर्ता क्रमश आवश्यक परेकाले अर्को व्यवस्था नहुन्जेलसम्मका लागि नेपाल सरकारद्वारा निर्धारण गरिएको दैनिक पारिश्रमिक भूक्तानी हुने गरि वातावरण तथा विपद व्यवस्थापन इकाईका का.स. १ जना र भूमि आयोग स्थानी सेवा केन्द्रमा लगत प्रविष्टकर्ता सहायक चौथो १ जना दैनिक ज्यालादारीमा आवश्यक प्रक्रिया अवलम्बन गरि खटाउने निर्णय गरियो।

**प्रस्ताव नं. ४ कार्यविधी तथा निर्देशिका स्वीकृत गर्ने सम्बन्धमा।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गत रहेको विधेयक समितिले पेश गरे बमोजिमका तपशील अनुसारका कार्यविधि तथा निर्देशिकाहरु स्वीकृत गर्ने निर्णय गरियो।

**तपशील**

१. लम्कीचुहा नगरपालिकाको अनुगमन तथा मूल्यांकन कार्यविधि, २०८०
२. लम्कीचुहा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८०
३. लम्कीचुहा नगरपालिकामा मेयर संग छोरी कार्यक्रम संचालन निर्देशिका, २०८०

**प्रस्ताव नं. ५ डिजिटल पालिकाको अवधारणा कार्यान्वयन गर्ने सम्बन्धमा।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयलाई डिजिटल नगरपालिका घोषणा गर्नका लागि नगरपालिका तथा वडा कार्यालयहरुद्वारा प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई विद्युतीमा माध्यममा रुपान्तरण गर्दै विभिन्न सफ्टवेयर तथा डिजिटल नागरिक वडापत्र जडान गर्दै डिजिटल नगरपालिकाको अवधारणलाई आगामी आर्थिक वर्षबाट कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६ भेरियसन स्वीकृत गर्ने सम्बन्धमा।**

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाका विभिन्न चोकहरुमा हाईमस्ट लाईट जडान गर्नका लागि गरिएको बोलपत्र आह्वानमा लम्कीचुहा नगरपालिकाका ५ वटा स्थानमा लाईट जडान गरिएको र लाईट जडानका लागि विनियोजित रकममध्ये बोलपत्र स्वीकृत पश्चात बाँकी रकमको थप १ स्थानमा लाईट जडानका लागि मिति २०७९।११।१९ गतेको भेरियसन गर्ने निर्णयानुसार थप १ लाईटको लागि पेश भएको भेरियस आदेश स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रक्रिया अगाडी बढाउने सम्बन्धमा।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा नगर सरसफाइको उच्चतम आवश्यकता र बढ्दो जनघनत्वलाई मध्येनजर गर्दै सरसफाईको दिगो व्यवस्थापनका लागि दिसाजन्य लेदो व्यवस्थापनको योजना नगरपालिकाको प्राथमिकता भएको र सोका लागि हाल प्रस्तावित लम्कीचुहा नगरपालिका वडा नं. ३ महिला जागरण सामुदायिक वनको जग्गाको अन्य विकल्प नभएको हुँदा प्रस्तावित वन क्षेत्रमा दिसाजन्य लेदो प्रशोधन केन्द्र निर्माण कार्य अगाडी बढाउन औपचारिक रुपमा जग्गा भोगाधिकार प्राप्तिका लागि वन ऐनद्वारा निर्देशीत प्रक्रिया अपनाउने र सोका लागि जिल्ला बन तथा डिभिजन वन कार्यालयसंग आवश्यक समन्वय गरि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम प्रमाणीत**